सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७७/१०/०७

**बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।**

प्रस्तुत सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७।०७८, च.नं. ४० र मिति २०७७।०९।२९ को प्राप्त पत्रानुसार बैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उदेश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"**, को अनुसूची–२ बमोजिमको फाराम भरी मिति २०७७।१०।१९ गते भित्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन यो सूचना सूचित गरिन्छ । आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयकाको वेवसाइट www.moless.gov.np बाट उपलब्ध हुनेछ ।

**आवश्यक योग्यता**

१. नेपाली नागरिक,
२. श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,
३. विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने ।

**अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात**
(प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने)

१. नेपाली नागरिकताको प्रतिलिपि
२. श्रम स्वीकृतिको प्रतिलिपि,
३. भिसा सहितको राहदानीको प्रतिलिपि,
४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कर दर्ता दर्ता प्रमाणपत्रको प्रतिलिपि,
६. आ.व २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
७. यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा ।

.........०७७/१०/०६
नि प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com | ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०